नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल ।

फोन नं. ४६७१७१७
हरिसिद्धि, सितापाइला काठमाण्डौं

प.सं. २०७६/०७७
च.नं. ५६५६

मिति: २०७६/१२/२९

# प्रेस विज्ञप्ती

यस नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षता एवं नगर उपप्रमुख श्री सुशिला अधिकारीज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सापकोटाज्यू लगायत वडाका वडा अध्यक्षज्यूहरूको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

**निर्णय:**

- Covid - 19 Crisis Management Center-Operatins (CCMC-OPS) को कार्यालय एवं समिति गठन गरी कार्यान्वयन गर्न नेपाल सरकारबाट प्राप्त परिपत्र अनुसार नगर प्रमुखज्यूको अध्यक्षतामा नगरस्तरीय, कोरोना नियन्त्रण समन्वय समिति र वडा तहमा वडा अध्यक्षज्यूको अध्यक्षतामा कोरोना नियन्त्रण समन्वय समिति गठन गरियो । साथै निम्न महानुभावहरू रहेको एक नगरस्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| संयोजक | नगर प्रमुख | श्री मोहन बहादुर बस्नेत |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सापकोटा |
| सदस्य | जिल्ला प्रशासन कार्यालय प्रतिनिधि | श्री |
| सदस्य | जिल्ला सुरक्षा निकायका प्रमुख | श्री |
| सदस्य | सम्बन्धित वडाका वडा अध्यक्ष | श्री १ देखि १० सम्म |
| सदस्य | प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघश्री | श्री |
| सदस्य | प्रतिनिधि, जिल्ला स्वास्थ्य कार्यालय | श्री |
| सदस्य | प्रतिनिधि, जिल्ला खाद्य व्यापार संघ | श्री |
| सदस्य | प्रतिनिधि, जिल्ला रेडक्रस प्रमुख | श्री |
| सदस्य | फोकल पर्सन, प्रशासन तथा योजना उपशाखा प्रमुख | श्री नारायण प्रसाद तिमिल्सिना (९८५१२१८०७५) |

- वडागतरूपमा राहत वितरण सम्बन्धी कामकाजको समिक्षा गरी राहत वितरण एवं व्यवस्थापनमा भएका कमिकमजोरी हटाई आगामी दिनमा व्यवस्थित रूपमा राहत वितरण कार्य गर्दै जाने र असंगठित क्षेत्रका श्रमिक र असहायहरूलाई मिति २०७६ चैत्र २७ गतेसम्म वडागतरूपमा निम्न राहत वितरणको विवरणलाई अनुमोदन गरियो ।

**असंगठित क्षेत्रका श्रमिक र असहायहरूलाई वितरण गरिएको राहतको वडागत विवरण**

| सि.नं. | नगरपालिका | वडा नं. | राहत प्राप्त गर्ने व्यक्ति/परिवार संख्या | |
|---|---|---|---|---|
| | | | घर संख्या | परिवार संख्या |
| १ | नागार्जुन नगरपालिका | १ | १०० | ४०० |
| २ | नागार्जुन नगरपालिका | २ | ५३८ | १७८५ |
| ३ | नागार्जुन नगरपालिका | ३ | १२३ | ४५५ |
| ४ | नागार्जुन नगरपालिका | ४ | २७३ | ९२३ |
| ५ | नागार्जुन नगरपालिका | ५ | २३५ | ९२७ |
| ६ | नागार्जुन नगरपालिका | ६ | ४०१ | १४४० |
| ७ | नागार्जुन नगरपालिका | ७ | २१५ | ७५५ |
| ८ | नागार्जुन नगरपालिका | ८ | १३ | ४१ |
| ९ | नागार्जुन नगरपालिका | ९ | २३० | ८१९ |
| १० | नागार्जुन नगरपालिका | १० | २५७ | ४६० |
| | | | | |

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल

- यस नगरपालिका भित्र रहेको खानेपानी उपभोक्ता समितिहरूलाई मासिक रूपमा शुल्क लिई खानेपानी वितरण भई आएकोमा उपभोक्ताहरूलाई राहतस्वरूप खानेपानी शुल्क मिनाह गर्ने प्रस्तावको सम्बन्धमा छलफल हुदा नेपाल सरकारबाट लकडाउन घोषणा गरेको अवधि देखि सो घोषणा लागु भए सम्म (२०७६ चैत्र र २०७७ वैशाख महिनासम्म) खानेपानी उपभोक्ताहरूलाई निशुल्क उपलब्ध गराउन नगर भित्रका सवै खानेपानी उपभोक्ता समितिलाई निर्देशन दिने र यो निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित वडाबाट गर्ने निर्णय गरियो ।
- वडा नं. ४ बाट राहत वितरण गर्ने क्रममा न्यू बि.के.स्टोरबाट आएको खाद्यन्न लगाएत राहत सामाग्री म्याद सकिएको अखाद्य सामान बिक्री वितरण गरेकोमा सम्बन्धित वडा अध्यक्षबाट मिति २०७६/१२/२८ मा वाणिज्य तथा गुणस्तर कार्यालयलाई कारवाहीको लागि जानकारी गराई कारवाही प्रकृया अगाडि बढाएको सम्बन्धमा बैठकमा छलफल गर्दा त्यस्तो गैर जिम्मेवार एवं गैर कानूनी कार्य गर्ने आपूर्तिकर्ता श्री न्यू बि.के.स्टोरलाई कानून बमोजिम कडा भन्दा कडा कारवाही गर्न जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायमा अनुरोध गर्नुका साथै नगरपालिकाबाट उक्त आपूर्तिकर्ताको व्यवसाय दर्ता प्रमाणपत्र निलम्बन गरी अर्को निर्णय नभएसम्म व्यवसाय गर्न रोक लगाउने ।
- नगरपालिकाले उपलब्ध गराउने राहत लगायतको व्यवस्था गर्न नेपाल सरकारले घोषणा गरेको राष्ट्रिय राहत प्याकेज मापदण्डमा नबढ्ने गरी कार्यपालिकाको निर्णय र स्वीकृत मापदण्ड अनुसार सम्बन्धित वडाले असंगठित क्षेत्रका श्रमिक र असहायहरूलाई राहत वितरण गर्नको लागि यस अघी उपलब्ध गराईएको पेश्की रकमको बिल भर्पाई पेश भएपछि नियमानुसार पेश्की फर्छ्यौट गरी अव आवश्यक पर्ने राहतको लागत विवरण तयार गरी बढीमा निम्मानुसारको थप रकम पेश्की उपलब्ध गराउने ।

तपसिल:

| सि.नं. | नगरपालिका | वडा नं. | राहतको लागि उपलब्ध गराउने पेश्की विवरण | | जम्मा |
|---|---|---|---|---|---|
| | | | विगतमा उपलब्ध गराईएको रकम | पे.फ. गरी थप उपलब्ध गराउने पेश्की रकम | |
| १ | नागार्जुन नगरपालिका | १ | ४००००० | ४००००० | ८००००० |
| २ | नागार्जुन नगरपालिका | २ | ४००००० | ५००००० | ९००००० |
| ३ | नागार्जुन नगरपालिका | ३ | ४००००० | ५००००० | ९००००० |
| ४ | नागार्जुन नगरपालिका | ४ | ४००००० | ५००००० | ९००००० |
| ५ | नागार्जुन नगरपालिका | ५ | ४००००० | ३००००० | ७००००० |
| ६ | नागार्जुन नगरपालिका | ६ | ४००००० | ५००००० | ९००००० |
| ७ | नागार्जुन नगरपालिका | ७ | ४००००० | २००००० | ६००००० |
| ८ | नागार्जुन नगरपालिका | ८ | ४००००० | २००००० | ६००००० |
| ९ | नागार्जुन नगरपालिका | ९ | ४००००० | २००००० | ६००००० |
| १० | नागार्जुन नगरपालिका | १० | ४००००० | ३००००० | ७००००० |
| | जम्मा | | ४०००००० | ३६००००० | ७६००००० |

(मोहन वहादुर बस्नेत)
नगर प्रमुख (मेयर)

मोहन बहादुर बस्नेत
नगर प्रमुख (मेयर)